सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा
५ नं. प्रदेश, नेपाल

प. सं.: २०७५/०७६
च. नं.: २६३

मिति : २०७५/०८/०४

# प्रेस विज्ञप्ती

हिजो मिति २०७५ मंसिर ३ गते राती अन्दाजी ११ : ३० बजे यस सुनिल स्मृति गाउँपालिका वडा नं. ४ गाउपालिका वसेको भवनको करिव ५० मिटर पूर्व तर्फ सामान ढुवानी गर्ने मिनि ट्रक र करिव १०० मीटरको दूरीमा ट्याक्टर रोकि राखेको अवस्थामा अज्ञात व्यक्तिबाट आगजनी गरी मिनी ट्रक र ट्याटर क्षति बनाएको घटना प्रति गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ र सो घटना प्रति गाउपालिका घोर आपत्ति र दुःख समेत प्रकट गर्दछ । केहि महिना अगाडि यसै गाउँपालिका नजिकै रेष्ट प्वाइन्ट होटलमा गोलि चल्नु र हिजो भएको घटनाले यस गाउपालिकाको क्षेत्र भित्र सुरक्षा संवेदनशीलता वढेको महशुस भै सुरक्षा संकाय र सुरक्षा व्यवस्था कायम गर्ने अन्य निकायको समेत ध्यानाकर्षण गराउन चाहान्छु । हिजोको उक्त आगजनीको घटना कुनै आपराधिक समुहले नियोजित रुपमा घटाएको आशंका हुन आएकोले यस्ता घटना घटाउने समुहको तिव्रताका साथ खोजी गर्न इलाका प्रहरी कार्यालय सुलिचौर रोल्पा लगायत अन्य सुरक्षा निकायलाई अनुरोध गर्दै आगमी दिनहरुमा सुरक्षा व्यवस्था मजवुद बनाउन गाउँपालिकाले सहयोग गर्ने र सुरक्षा निकाय गम्भिर रुपमा ध्यान दिन समेत अनुरोध गर्दछु ।

.......................

(गुणेन्द्र घर्ती)
अध्यक्ष

गुणेन्द्र घर्ती
अध्यक्ष